# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

## पुल्चोक ललितपुर

### प्रेस विज्ञप्ति

सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धान हुँदा नेपाल शेयर मार्केट्सका तत्कालीन कार्यकारी अध्यक्ष योगेन्द्र प्रसाद श्रेष्ठ समेतले प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को अनुसूचीमा उल्लेखित खण्ड (भ) को सम्बद्ध कसुर गरी त्यस्तो कसुरबाट प्रत्यक्ष रुपमा प्राप्त गरेको सम्पत्तिको धारण, भोगचलन, प्रयोग, उपभोग गरी त्यस्तो सम्पत्तिको कारोवार लगायतका निषेधित कार्य गरी गराई सोही ऐनको दफा ३ को उपदफा (१) को (क)(ख)(ग) ले निषेधित कार्य गरी गराई सोही दफाको उपदफा (३)को सम्पत्ति शुद्धीकरणको कसुर अपराध गरेको पुष्टि हुन आएको देखिँदा प्रतिवादी योगेंन्द्र प्रसाद श्रेष्ठ समेत लाई वीगो रु. १७१६३३६२१३।४१ अक्षरेपी एक अर्व एकहत्तर करोड त्रीसठ्ठी लाख छत्तिस हजार दुइ सय तेह्र रुपया एकचालिस पैसा कायम गरी सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना तथा सजाय हुन एवं सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ (पहिलो संशोधन, २०६८) को दफा ३० को उपदफा (२) तथा प्रचलित सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम सजाय हुन मागदावी लिई आज मिति २०७७/३/३ गतेका दिन श्री विशेष अदालत काठमाडौं समक्ष अभियोग पत्र दायर गरिएको छ ।